ॐ मिति: २०८१/१०/२७

ऐतिहासिक श्रीगण्डकी शत(सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ – २०८२

<u>प्रेस विज्ञप्ती</u>

समादरणीय पत्रकार/ सञ्चारकर्मीज्यूहरुमा नमस्कार तथा प्रणाम 🙏

नेपाल भ्रमण वर्ष २०२५, नेपाली नयाँ बर्ष २०८२ तथा पोखरा महानगरपालिकाले घोषणा गर्न लागेको **पोखरा भ्रमण वर्ष २०२५** को पावन अवसरमा **श्री मानव सेवा फाउण्डेसन, नेपाल** लगायत आदि संस्थाहरूले आउँदो **मिति २०८२ वैशाख १७ गतेदेखि २०८२ जेठ २६ गतेसम्म** नेपाल ट्रष्टको मातहतमा रहेको बाराहीघाट क्षेत्रको भूमि (लेकसाइड) साथै पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको मातहतको वैदाम, क्याम्प क्षेत्रको भूमि (लेकसाइड), पोखरा-०६, कास्कीमा राष्ट्र शान्ति, विश्व कल्याण एवं आम नेपालीको सुख, शान्ति तथा समृद्धिको कामनाले हामी यो विशाल आयोजनमा जुटेका छौं। साथै पोखरालाई मुक्तिद्वारको रूपमा चिनाउन एवं गण्डकी प्रदेशभित्र रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थ स्थल, मठमन्दिरहरूको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्धन गर्ने हामीले उजेलो उद्देश्य बोकेका छौं । धार्मिक पर्यटनवृद्धिले राष्ट्रको सर्वतोमुखी विकासमा सशक्त सहयोग पुर्याउने हाम्रो सङ्कल्प अनुरूप पोखरा - १८, सिमपानी स्थित कैलाश धाम शिवमणि मन्दिर तथा पोखरा - ६, बैदाम स्थित मुक्तेश्वर शिव मन्दिर मुक्तीधामको सर्वाङ्गिण विकास सँगसँगै गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन, संरक्षण आदि सहयोगार्थ आयोजित **ऐतिहासिक श्रीगण्डकी शत(सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ – २०८२** लाई सभ्यभव्य रुपमा सम्पन्न गर्नका लागि जारी प्रेस बिज्ञप्ति यहाँहरु सबै परमादरणीय पत्रकारज्यूहरुलाई जानकारी गराउन चाहन्छौं।

यस कोटिहोम महायज्ञमा भागवत कथा प्रवक्ता सुश्री अनुराधा पाण्डेज्यू, चर्चित श्रीराम कथा प्रवक्ता देवी चन्द्रकला सखीज्यू, अंतर्राष्ट्रीय कथा प्रवक्ता श्री देवी प्रतिभाज्यू, वाचन प्रवीण पण्डित श्री दीनवन्धु पोखरेलज्यू, भागवत भाष्कर पं श्री कमलनयन गौतमज्यू, विख्यात प्रवचनकर्ता श्री चैतन्य कृष्ण महाराजज्यूबाट कथा वाचन हुने साथै सु-प्रसिद्ध कथा वाचिका भागवत मञ्जरी राधिका दासी माताज्यू, प्रवक्ता देवी सुप्रिया लगायत कथा प्रवक्ताज्यूहरुलाई यस कोटिहोममा निमन्त्रणा पनि गरिसकिएको छ। यस्तै नेपालबाट १०० जना भन्दा बढी अतिथि कथा प्रवक्ताज्यूहरुको पनि यस कोटिहोम महायज्ञमा आगमन हुनेछ। २०८१ चैत्र १७ देखि २०८२ बैशाख १७ गते सम्म कोटिहोमको प्रचारार्थ कार्यक्रम आयोजना हुनेछ भने २०८२ बैशाख १७ गते देखि जेठ २६ गते सम्म कोटिहोम महायज्ञ हुनेछ। कार्यक्रम अवधिभर शंकराचार्य, जगद् गुरु, साधु, सन्त, महन्त सँगसँगै अन्य विश्व प्रसिद्ध कथा वाचक/ वाचिकाज्यूहरुको आगमन सहित आशिर्वचन हुने, सम्माननीय उच्च पदस्त व्यक्तिहरु, विभिन्न क्षेत्र, पेशा, व्यवसायका प्रमुखज्यूहरु लगायत सबै राजनैतिक दलका प्रभावशाली नेताहरुको तथा वहालवाला लगायत भूतपूर्व समेत यस कार्यक्रममा उपस्थित भएर कार्यक्रमको शोभा बढाउन सहयोग गर्नुहुने प्रतिवद्धता आईसकेको छ। यस कार्यक्रममा सबै भक्तजनहरु समेत गरी लाखौँको उपस्थिति हुने अनुमान समेत गरिएको छ ।

अब यस कार्यक्रम सफल बनाउनको लागि राष्ट्रको चौथो अंग मानिएको यहाँहरु संचारकर्मी मित्रहरुको ठूलो भूमिका रहने भएकोले आज हामीले यीनै कार्यक्रमको जानकारी यहाँहरुलाई दिनका लागि यो अपिल गरेका हौं । हाम्रो देश नेपाल पूर्वीय दर्शनको केन्द्र हो । यहि ठाउँबाट सृष्टिको सुरुवात भएको हो र यहाँ यस्ता धार्मिक क्रियाकलापहरुको अत्यन्त ठूलो महत्व छ । यस्ता धार्मिक महोत्सवहरुले सुख, शान्ति, समृद्धि, भक्ती र परमानन्द एकसाथ त दिन्छ नै, साथै हाम्रो उद्देश्य त पोखरालाई मुक्तिद्वारको रूपमा चिनाउन एवं गण्डकी प्रदेशभित्र रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थ स्थल, मठमन्दिरहरूको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्धन गर्ने हामीले उजेलो उद्देश्य बोकेका छौं । साथै पोखरा - १८, सिमपानी स्थित कैलाश धाम शिवमणि मन्दिर तथा पोखरा - ६, बैदाम स्थित मुक्तेश्वर शिव मन्दिर मुक्तीधामको सर्वाङ्गिण विकास सँगसँगै गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन, संरक्षण आदि सहयोगार्थ उद्देश्यका साथ गर्न लागिएको यो महाअभियान हो भन्ने कुरा हामी यहाँहरुलाई स्मरण गराउन चाहन्छौं।

यस ऐतिहासिक गण्डकी कोटिहोम महायज्ञमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त शंकराचार्य, जगद् गुरु, सन्त-महात्मा, विद्वान-विदुषी, प्रसिद्ध कथा व्यासज्यूहरूको मुखारविन्दवाट निःसृत पवित्र मन्त्रोच्चारण र सुमधुर स्वरमा प्रवाहित अमृतमय, सङ्गीतमय, लीलामय श्रीमद्भागवत कथाको अलौकिक दिव्य प्रवचन हुनुका साथै सन्त-महात्माहरूवाट विज्ञान सम्मत अध्यात्म र विज्ञानको समन्वयात्मक दार्शनिक प्रवचनबाट लाखौँ श्रोताहरूले जीवन, जगत र ईश्वरको रहस्य थाहा पाएर धर्म र अध्यात्मको यथार्थ वोध गर्नका साथै ज्ञान गगांमा स्नान गरी भगवानको कृपाबाट प्राप्त यस अमूल्य मानव जीवनलाई कृतार्थ तुल्याउँदै यस्तो ऐतिहासिक कार्यक्रममा सहभागी भई अमृत कथाको श्रवण गरी अक्षय पुण्य लाभ गर्नुहुन सम्पूर्ण नागरिक समाज, साधु-सज्जन समाजसेवी, बुद्धिजिवी, धर्मानुरागी, भगवत्सज्जनवृन्द, पत्रकार, राजनैतिक, राष्ट्रसेवक एवं सम्पूर्ण युवा शक्ति, जनप्रतिनिधी, मातृ शक्ति र मानव समुदाय तथा श्रद्धालु भक्तजनहरूलाई यस ऐतिहासिक महासत्संकल्प पुरा गर्ने पुनित कार्यमा सहभागी भएर आफ्नो तर्फबाट यथासक्य सहयोग गरिदिनुहुन सबैमा हार्दिक निमन्त्रणा गर्दछौं। यस महान कार्य ऐतिहासिक महायज्ञलाई घनीभूत रुपमा सफल पारी सम्पन्न गराउनका निमित्त राष्ट्रको चौथो अंग सञ्चार क्षेत्रको तर्फबाट साथ, सहयोग, समन्वय, सहकार्य तथा सकारात्मक भूमिकाको अपेक्षा गर्दछौं। धन्यवाद ।

<u>प्रतिनिधि:</u>
नाम: श्री लेखराज ढकाल
सम्पर्क नम्बर: ९८४७३९८४८३

श्री मानव सेवा फाउण्डेसन, नेपाल
शाखा कार्यालय
पोखरा – ०८, सृजनाचोक, कास्की
९८५६०८२२९०, ९७०५२५२१२५